# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, असोज १० गते २०५१ साल (अतिरिक्ताङ्क २७

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

#### अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन) आदेश, २०५१

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन) आदेश, २०५१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र" भन्नाले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी आदि गर्ने उद्देश्यले काठमाडौंको नयाँ बानेश्वरमा निर्मित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको भवन र सो भवनले चर्चेको क्षेत्र संझनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिमको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति संझनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष संझनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य संझनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिवलाई समेत जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ७ बमोजिमको कार्यकारी निर्देशक संझनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम संझनु पर्छ ।

३. समितिको गठन : (१) अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको व्यवस्थापन तथा संचालन गर्नको लागि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति नामको एक समिति गठन हुनेछ ।

(२) समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :–

| | | |
|---|---|---|
| (क) | सचिव, आवास तथा भौतिक योजना मन्त्रालय | – अध्यक्ष |
| (ख) | प्रतिनिधि, (रा. प. प्र. श्रेणी) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | – सदस्य |
| (ग) | प्रतिनिधि, (रा. प. प्र. श्रेणी) गृह मन्त्रालय | – सदस्य |
| (घ) | महानिर्देशक, भवन विभाग | – सदस्य |
| (ङ) | अध्यक्ष, होटल संघ नेपाल | – सदस्य |
| (च) | अध्यक्ष, नेपाल ट्राभल एजेन्सी संघ (नाटा) | – सदस्य |
| (छ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य संघ | – सदस्य |
| (ज) | प्रतिनिधि, काठमाडौं नगरपालिका | – सदस्य |
| (झ) | कार्यकारी निर्देशक, | – सदस्य-सचिव |

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिले आवश्यकतानुसार कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा सम्मेलन गोष्ठी, सेमिनार, सांस्कृतिक कार्यक्रम तथा अन्य प्रदर्शन गर्ने गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने र सो बापत सेवा शुल्क लगाउने ।



१९००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको चल अचल सम्पत्तिको रेखदेख, नियन्त्रण, संभार र संरक्षण गर्ने, गराउने ।

(ग) अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलाई आर्थिक रूपमा सक्षम एवं आत्मनिर्भर बनाउने ।

(घ) केन्द्रको दीर्घकालीन व्यवस्थापनका लागि श्री ५ को सरकारलाई सुझाव दिने।

(ङ) अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको व्यवस्थापन तथा कार्य संचालनका लागि सो केन्द्रको आधारभूत भौतिक संरचनामा परिवर्तन नहुने गरी आवश्यक कार्य गर्ने, गराउने ।

(च) तोकिएबमोजिमका अन्य कार्य गर्ने, गराउने ।

५. समितिको बैठक र निर्णयः (१) ससितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठकमा उपस्थित सदस्यहरूको नाम, छलफलको विषय र निर्णयको व्यहोरासमेत छुट्टै पुस्तिकामा उल्लेख गरी राख्नु पर्नेछ ।

(६) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. उपसमिति गठन गर्न सक्नेः (१) समितिले आफूले गर्नुपर्ने काम सुचारू रूपले गर्नको लागि आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोकिदिएबमोजिम हुनेछ ।

७. कार्यकारी निर्देशकः (१) अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको प्रशासकीय प्रमुखको रूपमा काम गर्न श्री ५ को सरकारले व्यवस्थापन वा सभा सम्मेलन व्यवस्थापनमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विशेष ज्ञान वा अनुभव भएको कुनै व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा तोक्न वा नियुक्त गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र श्री ५ को सरकारले चाहेमा निजको पदावधि पुनः चार वर्षसम्मको लागि थप गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि पूरा नहुँदै सो पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त एवं सुविधा श्री ५ को सरकारले तोकिदिएबमोजिम हुनेछ ।

८. समितिको कोष : (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहने छन् :

(क) श्री ५ को सरकारबाट अनुदानको रूपमा प्राप्त रकम,

(ख) समितिले कुनै सेवा उपलब्ध गराए बापत प्राप्त सेवा शुल्क रकम,

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था वा विदेशी सरकारबाट प्राप्त ऋण तथा अनुदान रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम समितिको कोषमा रहने रकमहरू प्रचलित व्यवस्था अनुसार नेपाल अधिराज्यको कुनै बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(३) समितिको खाताको संचालन समितिले तोकेबमोजिम हुनेछ ।

(४) समितिको तर्फबाट गरिने सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषमा जम्मा रहेको रकमबाट व्यहोरिनेछ ।

(५) समितिले उपदफा (१) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

९. लेखा र लेखा परीक्षण : (१) समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखापरीक्षकबाट हुनेछ ।

१९०२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री ५ को सरकारले समितिको हिसाब-किताब र नगदी जिन्सीसमेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. कर्मचारी सम्बन्धी व्यवस्था: (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरू रहने छन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त एवं सुविधा तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम समितिका कर्मचारीहरू नियुक्ति नभएसम्मको लागि श्री ५ को सरकारको कुनै कर्मचारीलाई समितिबाट तलब भत्ता खाने गरी बढीमा दुई वर्षको लागि श्री ५ को सरकारले समितिमा काजमा खटाउन सक्नेछ।

(४) समितिमा काज खटिएको कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु वा सरुवा गर्नु परेमा त्यसको अग्रीम सूचना समितिलाई दिनुपर्नेछ ।

(५) समितिमा काज खटिएका कर्मचारीले दुई वर्षभित्र श्री ५ को सरकारको सेवा छोडी समितिको सेवामा काम गर्न चाहेमा तोकिएको प्रक्रिया अपनाई समितिले त्यस्तो कर्मचारीलाई समितिको पदमा नियुक्त गर्न सक्नेछ ।

(६) समितिमा काज खटिएका कर्मचारीहरूको असाधारण बिदा, अध्ययन बिदा बाहेक अन्य बिदा कार्यकारी निर्देशकले दिनेछ ।

(७) समितिमा काजमा खटिएको कर्मचारीको सरुवा, बढुवा र विभागीय कारवाही निजामती सेवासम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ ।

(८) समितिमा काजमा खटिएको कर्मचारीलाई विभागीय कारवाही गर्नु पर्ने भएमा समितिले सो कर्मचारी उपर कुन आरोप लागेको हो त्यसको स्पष्ट कारण खुलाई विभागीय कारवाहीको लागि श्री ५ को सरकारमा पेश गर्नु पर्नेछ ।

११. बैठक भत्ता: सदस्यहरूले समितिको बैठकमा भाग लिए वापत श्री ५ को सरकारले तोकिदिएबमोजिमको बैठक भत्ता पाउने छन् ।

१२. अधिकार प्रत्यायोजन: समितिले आफूलाई प्राप्त अधिकार र आवश्यकतानुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, दफा ६ बमोजिम गठित उपसमिति वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. निर्देशन दिन सक्ने: श्री ५ को सरकारले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र संचालन तथा व्यवस्थापनका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१४. श्री ५ को सरकारसँग सम्पर्क: समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा आवास तथा भौतिक योजना मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१५. समितिको कार्यालय: समितिको कार्यालय अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको हाता भित्र रहनेछ।

१६. नियम बनाउन सक्ने: (१) समितिले यस आदेशको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाइएको नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ।

आज्ञाले,
शिवबहादुर प्रधानाङ्ग
श्री ५ को सरकारको सचिव

१९०४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार